COLORADO

# सामुदायिक अभियोग: अपडेट गरिएको मार्च २०२१

**सामुदायिक अभियोग नियममा केही महत्त्वपूर्ण परिवर्तनहरू गरिएका छन्। हामी तपाईँसँग सही जानकारी होस् भन्ने चाहन्छौँ जसले गर्दा तपाईंले आफ्नो परिवारलाई स्थिर तथा स्वस्थ राखी राख्न सक्नुहोस्।** स्वस्थ समुदायलाई सहयोग गर्ने महत्त्वपूर्ण कार्यक्रमहरूमा हाम्रा वासिन्दाहरूको पहुँच हुँदा हामी एउटा सुदृढ कोलोराडो बन्नेछौँ।

## सामुदायिक अभियोग के हो?

केही व्यक्तिहरूले ग्रिन कार्डका लागि आवेदन गर्न वा अमेरिका प्रवेश गर्ने भिसा आवेदन गर्न सामुदायिक अभियोग परीक्षण पास गर्नु पर्ने हुन्छ। यस परीक्षणले त्यस्तो व्यक्तिले भविष्यमा निश्चित सरकारी सेवाहरू प्रयोग गर्ने सम्भावना छ छैन भन्ने कुरा हेर्छ। यो निर्णय गर्दा, आप्रवासन अधिकारीहरूले त्यस्तो व्यक्तिको उमेर, आय, स्वास्थ्य, शिक्षा/ सीपहरू, र उनीहरूको प्रायोजकको सहयोग सपथपत्र वा करार सहित सम्पूर्ण परिस्थितिहरूको पुनरावलोकन गर्दछन्। उनीहरूले त्यस्तो व्यक्तिले निश्चित सामुदायिक कार्यक्रमहरू प्रयोग गरेको छ छैन पनि हेर्दछन्।

## हाल के परिवर्तन गरियो?

सामुदायिक अधिनियम वर्षौं अघिदेखि स्थापित थियो, तर २०१९ मा, सो नियमनलाई अतिरिक्त लाभ कार्यक्रमहरू सामेल गर्नका लागि विस्तार गरियो। यद्यपि, फेडेरल अदालतका हालका गतिविधिहरू र नयाँ फेडेरल प्रशासनका कामहरूका कारण, सरकारले अघि बढ्नका लागि २०१९ सामुदायिक अभियोग नियम लागू गरिरहेको छैन। राष्ट्रिय स्तरमा भएका यी हालका परिवर्तनहरूसँग, यो नियम १९९९ को संस्करणमा जाँदैछ, जसको क्षेत्र धेरै सीमित रहेको छ।

## सामुदायिक अभियोग परीक्षणमा कुन सामुदायिक लाभ कार्यक्रमहरू सामेल गरिएका छन्?

| **सामेल गरिएका कार्यक्रमहरू*** | **सामेल नगरिएका कार्यक्रमहरू** |
|---|---|
| 1. नगद सहयोग कार्यक्रमहरू (एसएसआइ, कोलोराडो वर्क्स/ टिएएनएफ, ओएपि (वृद्ध | 1. परिपूरकीय पोषण सहयोग कार्यक्रम (एसएनएपि, खाद्य सहयोग, वा खाद्य स्ट्याम्प्स)<br>2. फेडेरल सामुदायिक आवास र आवास भाउचरहरू |

"सामेल गरिएका कार्यक्रमहरू" भन्नाले सामुदायिक अभियोग परीक्षणका बेला विचार गरिएका सरकारी कार्यक्रमहरू भन्ने बुझिन्छ, जसमा निश्चित आप्रवासन प्रक्रियाहरूका बेला, निश्चित व्यक्तिहरूका लागि विचार गरिने आय पनि सामेल छ। "सामेल नगरिएका कार्यक्रमहरू" माथि विचार गरिँदैन।

उमेर पेन्सन), र (अभावग्रस्त असक्तका लागि सहयोग)

2. दीर्घकालीन, संस्थागत स्याहारलाई सहयोग गर्ने सरकारले फन्ड गरेका कार्यक्रमहरू

(खण्ड८/ आवास छनोट भाउचरहरू र स्याहारको निरन्तरता)

3. मेडिकेड/ हेल्थ फर्स्ट कोलोराडो
4. आपातकालीन मेडिकेडः
5. डब्लुआइसि
6. सिएचआइपि र सिएचआइपि+
7. स्कूल ब्रेकफास्ट र लन्चहरू
8. शक्ति सहयोग (एलइएपि)
9. कर क्रेडिटहरू (जस्तै इआइटिसि)
10. सिसिसिएपि
11. **<u>अन्य सम्पूर्ण लाभ कार्यक्रमहरू</u>**

## सामुदायिक अभियोग नियम ककसका लागि लागू हुन्छ?

**<u>सबै आप्रवासीहरूलाई सामुदायिक अभियोग नियमले असर गर्दैन।</u>**

| | |
|---|---|
| **अमेरिकी नागरिकहरू** | तपाईँहरूलाई सामुदायिक अभियोग **लाग्दैन**। |
| **वैध स्थायी वासिन्दाहरू/ ग्रिन कार्ड धारकहरू** | तपाईँहरूलाई सामुदायिक अभियोक **लाग्दैन**। यसले नागरिकता वा ग्रिन कार्ड नवीकरणका आवेदनहरूमा कुनै असर **गर्दैन** (*यद्यपि, यदि तपाईँले १८० भन्दा बढी दिनका लागि अमेरिका छोड्ने योजना गर्नुभयो भने, कानुन विशेषज्ञसँग परामर्श गर्नुहोस्)। |
| **अस्थायी संरक्षित दर्जा (टिपिएस), यु वा टि भिसा, आश्रय, शरणार्थी, अन्य शरणार्थी-योग्य जनसङ्ख्या, वा निर्दिष्ट आप्रवासी जुभेनाइल दर्जा, तथा यी दर्जाहरूका लागि आवेदन गर्ने व्यक्तिहरू** | तपाईँहरूलाई सामुदायिक अभियोग **लाग्दैन**। |

| | |
|---|---|
| **अमेरिका भित्रबाट ग्रिन कार्ड वा भिसा आवेदन गर्ने योजना बनाउँदै गरेका व्यक्तिहरू** | तपाईँहरूलाई सामुदायिक अभियोग **लाग्न सक्छ**। आय जस्ता अन्य कारकहरू सहित धेरै कम सरकारी कार्यक्रमहरू (माथि सूचीकृत) को प्रयोगलाई मात्र आवेदनमा विचार गरिनेछ। |
| **अमेरिका बाहिरबाट ग्रिन कार्ड वा भिसा आवेदन गर्ने योजना बनाउँदै गरेका व्यक्तिहरू** | तपाईँहरूलाई सामुदायिक अभियोग **लाग्न सक्छ** । निर्णय गर्नु अघि कुनै विशेषज्ञसँग कुरा गर्नुहोस्। |

## मैले अरू के जान्न आवश्यक छ?

- **सामुदायिक अभियोग लागेका धेरैजसो आप्रवासीहरू परीक्षण अन्तर्गत गणना गरिने लाभहरूका लागि योग्य हुँदैनन्**, र सामुदायिक अभियोग मूल्याङ्कनमा धेरैजसो लाभहरूमाथि विचार गरिँदैन।
- हाल लागू भैरहेको नियम १९९९ देखि स्थापित भइरहेकै नियम हो र यो नियम २०१९ को नियमभन्दा धेरै सीमित रहेको छ।
- कोभिड-१९ को खोप सामुदायिक अभियोग अन्तर्गत विचार गरिएको छैन र विचार गरिने छैन।
- यदि तपाइँ सामुदायिक अभियोग नियम बारे चिन्तित हुनुहुन्छ भने, कृपया कुनै कानुनी विशेषज्ञ वा विश्वासिलो सामुदायिक एजेन्सीमा सम्पर्क गर्नुहोस्। हामी तपाइँको परिवार स्वस्थ र सुरक्षित रहोस् भन्ने चाहन्छौँ, र हाम्रा कार्यक्रमहरूले तपाईँलाई त्यसो गर्न मद्दत गर्न सक्छन्।